# सूचना प्रविधि ज्ञान केन्द्र

## अवधारणा पत्र

### १. पृष्ठभूमिः

आजको युग सूचना तथा सञ्चार प्रविधिको युग हो । सूचना तथा सञ्चार प्रविधिको विकास विना आज अन्य कुनैपनि क्षेत्रको द्रुततर विकास संभव छैन ।सूचना प्रविधिको विकास र प्रवर्द्धन मार्फत शासनमा आमुल परिवर्तन गर्न सकिन्छ भन्ने मानक भारत, चीन लगाएतका विश्वका धेरै देशहरुले स्थापित गरिसकेको अवस्था छ ।

हाम्रो जस्तो विकासोन्मुख र सूचना प्रविधिको विकासमा भर्खर पाइला चाल्दै गरेको देशमा सूचना प्रविधिका क्षेत्रमा अतिरिक्त लगानीको खाँचो छ । ज्ञन सेवा मुलक उद्योगको क्षेत्र भएकाले हाम्रो जस्तो विषम भूधरातलीय भएको देशमा यसले विशेष महत्व राख्छ । भौगोलिक विविधता र सिमा अवरोधले बाधा पुर्याउन नसक्ने व्यापारको क्षेत्र भएकाले भूपरिबेष्ठित देशकालागि यो बरदान सावित हुन सक्छ । यसका अतिरिक्त देशभित्रै व्यापार, शासन, प्रशासन, र सार्वजनिक तथा निजि क्षेत्रबाट हुने सेवा प्रवाहलाई यसले द्रुततर फड्को मार्न सक्ने सामर्थ्य राख्ने भएकाले पनि यसको विकासमा लगानी गर्नुको विकल्प छैन ।

सूचना प्रविधिको अनुसन्धान र विकासलाई मध्यनजर राख्दै गण्डकी प्रदेशमा सूचना प्रविधि पार्क निर्माण गर्नका लागि चालु आ.व. २०७६/०७७ को बार्षिक कार्यक्रममा सूचना प्रविधि पार्कको गुरुयोजना तयार पार्न र आधारभूत पूर्वाधार निर्माण गर्न रु. एक करोड बजेटको व्यवस्था भएको छ । उक्त प्रयोजनका लागि पोखरा महानगरपालिका वडा नं.१७ स्थित जामुनबोट, ग्यारजातीमा ९६ रोपनी जग्गा प्राप्तिको चरणमा रहेको छ ।

सूचना प्रविधि पार्क आफैमा साध्य होइन यो पनि एउटा साधन हो । यसलाई सूचना प्रविधिका अन्य पूर्वाधार जस्तै विद्युतीय शासन, IT Incubation, Innovation and Promotion लगायतसंग आवद्द गर्न सके मात्र यसले परिणाम दिन सक्छ ।यस्ता क्षेत्रहरुसँग यसलाई आवद्द गरी सञ्चालन गर्न यसको अवधारणालाई सूचना प्रविधि पार्कको सिमित दायराले समेट्न कठिन देखिन्छ । यसैले सूचना प्रविधिको अनुसन्धान, विकास र प्रवर्दन, प्रविधिको व्यापार र रोजगारी सिर्जनाका साथै शासकीय प्रवन्धका पक्षहरुसँग जोड्न यसलाई **सूचना प्रविधि ज्ञान केन्द्रका** रुपमा विकास गर्नु आवश्यक देखिन्छ ।यसैले सूचना प्रविधि पार्कको नामलाई परिमार्जन गरी सूचना प्रविधि ज्ञान केन्द्र कायम गर्न उपयुक्त देखिन्छ ।

## २. उदेश्य

क. सूचना प्रविधिको विकास र प्रवर्द्दन मार्फत सेवामुलक उत्पादनको व्यापारमा टेवा पुर्याउनु,

ख. सूचना प्रविधिलाई विद्युतीय शासनका पक्षमा उपयोग गरी सेवा प्रवाहमा गुणात्मक परिवर्तन ल्याउनु,

ग. सूचना प्रविधिलाई आर्थिक, शैक्षिक, व्यापारिक, लगायत जीवनका हरेक क्षेत्रका उपयोग गर्न टेवा पुर्याउनु ।

## ३. आधारभूत पूर्वाधार -

- IT based companies and their market linkages, IT colleges, IT based training and research institutions, IT business incubation and innovation centers and labs.
- Recreation, amusement and entertainment facilities
- Connectivity infrastructure including high bandwidth fiber Network and overall connectivity footprint and coverage.

- High quality telephonic network and Continuous supply and backup of electricity.
- Cloud infrastructure and data management system
- Road and air connectivity
- Utility facilities like hotels, banks, legal and financial audit firms, restaurants, physical fitness center, emergency health care center and schools etc.

## ४. हालसम्मको प्रगती

क. पोखरा महानगरपालिका वडा नं १८ को ग्यारजाती जामुनवोटमा रहेको श्री रत्न आधारभूत विद्यालय छिमेकी विद्यालय श्री जनजागृती मा.विमा समायोजन भएपछी खाली रहेको करिव ९७ रोपनी जग्गा उपयोगका लागि समायोजन भई गएको विद्यालय र पोखरा महानगरपालिकाबाट उपयोगका लागि सहमती प्राप्त भएको छ ।

ख. जंगलका रुपमा संरक्षण विहिन रहेको उक्त जग्गाको नापजाँच गरी चार किल्ला छुट्याई साँध सिमाना यकिन गरिएको । साथै साँध सिमानामा सिमेन्टका पिल्लर गाडेर सो जग्गाको संरक्षणको व्यवस्था मिलाईएको छ ।

ग. उक्त जग्गा प्रदेश सरकारको स्वामित्व वा भोगाधिकार भित्र ल्याउन गण्डकी प्रदेश मन्त्रिपरिषदबाट निर्णय गरी नेपाल सरकारमा अनुरोध गरि पठाइएको छ । साथै मन्त्रालयका तर्फबाट साविकमा विद्यालयहरुको भौतिक सम्पत्तिको संरक्षण गर्ने तालुक मन्त्रालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा समेत पत्राचार गरी सहमतीका लागि पहल भइरहेको छ ।

घ. सूचना प्रविधि ज्ञान केन्द्र (साविकमा सूचना प्रविधि पार्क भनी उल्लेख भएको) निर्माणमा मार्गदर्शन गर्न मा. मन्त्रिज्यूको संयोजकत्वमा नीति योजना आयोगका उपाध्यक्ष, प्रमुख सचिव, प्रदेश सचिवहरु सम्मिलित उच्चस्तरीय कार्यदल गठन गरिएको छ ।

ङ. मा. मन्त्रीज्यूको नेतृत्वमा काभ्रेको बनेपामा रहेको सूचना प्रविधि पार्कको अध्ययन गरी सो निर्माणका समयमा कृयाशिल रहेको उच्चस्तरीय सूचना

प्रविधि आयोगका पदाधिकारी तथा अन्य विज्ञहरुलाई आमन्त्रण गरी प्रदेशमा रहेका सूचना प्रविधिका सरोकारवालाहरुसँग अन्तर्कृया गरिएको र अमेरिकाको माइक्रोसफ्टमा कार्यरत विज्ञहरुलाई आमन्त्रण गरी आवश्यक पूर्वाधार र तयारीका विषयमा छलफल सम्पन्न गरिएको छ ।

## ५. बार्षिक कार्यक्रम

प्रदेश सरकारको बार्षिक कार्यक्रमको ख.शि.नं. ३११७२ मा गण्डकी प्रदेशमा सूचना प्रविधि पार्क स्थापना गर्ने कार्यक्रम रहेको छ । सो का लागि सूचना प्रविधि पार्कको गुरुयोजना/डिपिआरका लागि रु ५०,००,००० (रु पचास लाख) विनियोजन भएकोमा सो को शिर्षक परिवर्तन गरी सूचना प्रविधि पार्कको सम्भाव्यता अध्ययन कायम भएको छ । यस्तै उक्त कार्यका लागि आधारभूत पूर्वाधार निर्माण गर्न रु ५०,००,००० (रु पचास लाख) विनियोजन भएको छ । बार्षिक कार्यक्रममा सूचना प्रविधि पार्कका नाममा बजेट विनियोजन भएपनि हाल उक्त शिर्षक संशोधन गरी सूचना प्रविधि ज्ञान केन्द्र कायम गर्न आवश्यक देखिएको छ ।

## ६. शिर्षक परिवर्तनको औचित्य

विश्वव्यापी रुपमा हेर्दा सन् २००० को दशक सम्म सूचना प्रविधिका नामले संसारभर संरचना र कार्यक्रमहरु भएका पाइन्छन । तर पछिल्लो दशकमा यसलाई सूचना तथा सञ्चार प्रविधिको नाम बढी प्रयोगमा आएको पाइन्छ । सूचना प्रविधिका नाममा स्थापना भएका प्रवर्द्दन केन्द्रहरु सूचना प्रविधि ज्ञान केन्द्र, सूचना प्रविधि विकास तथा व्यवस्थापन केन्द्र, सूचना प्रविधि अनुसन्धान केन्द्र, प्रविधि पार्क लगायतका विविध नामको प्रयोग हुन थालेको छ ।

'सूचना प्रविधि पार्क' शव्दले सूचना प्रविधिको बहुआयामिक पक्षलाई समेट्न नसकेको र यसले सामान्य पार्क वा मनोरञ्जन केन्द्रको रुपमा आमबुझाई हुन थालेको पाइन्छ । सूचना प्रविधिको अनुसन्धान, विकास, व्यापार, नविनता प्रवर्दन, प्रविधि हस्तान्तरण, शिक्षा, शासन–प्रशासनसँगको सम्वन्ध, लगायत चौतर्फि पक्षहरुलाई समेत समेट्न नसकेको महसुस भएको छ । सूचना

प्रविधिको गतिशिलतासँगै प्रयोगमा आउने शव्द र नामहरुसँग सम्वन्ध प्रष्ट देखिने बनाउन पनि यसलाई ज्ञान, विज्ञानको असिमित सम्भावना झल्किने गरी नामाकरण गर्न उपयुक्त देखिन्छ । यसैले सूचना प्रविधि ज्ञान केन्द्रका रुपमा प्रयोगमा ल्याउदा यसको मर्म र भावसँग एकाकार हुने विश्वास गर्न सकिन्छ ।

## ७. अपेक्षित नतिजा

क. प्रदेशमा छरिएर रहेका सूचना प्रविधि सम्बन्धी व्यावसायलाई एकिकृत गर्दै अन्तराष्ट्रियस्तरको गुणस्तरयुक्त, भरपर्दो र सूचना प्रविधिमैत्री व्यावसायिक वातावरण तयार हुनेछ,

ख. प्रदेस राजधानीलाई सबै स्थानीय तह र जिल्लासँग सूचना सञ्जालमा आवद्व गर्ने र प्रदेशभरको तथ्यांक एव सूचना प्रदेश स्थित डाटा सेन्टरमा भण्डारण हुने व्यवस्था हुनेछ,

ग. सूचना प्रविधि पार्क निर्माण र सञ्चालनमा नीजि क्षेत्रलाई समेत सहभागी गराउने र विश्व विद्यालय र विद्यालयमा सूचना प्रविधि सम्बन्धि पढाईको अभ्यास कक्षाका रुपमा समेत उपयोग हुनेछ,

घ. सूचना प्रविधि सम्वन्धि राष्ट्रीय अन्तराष्ट्रीय प्रदर्शनीस्थल र अभ्यासस्थल (Hackathon and Makeathon) को रुपमा विकास हुनेछ,

ङ. विश्वका सफल र मध्यमस्तरका anchor कम्पनीका लागि उपयुक्त वातावरण निर्माण भएको हुनेछ ।